प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
**प्रदेश नं.१ पाँचथर**
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन/इमेल/वेवसाइट
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

# प्रस्ताव आव्हान सम्बन्धि सूचना

**सूचना नं.१-२०७७/०७८**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/१२*
*प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७७/०६/२६ गतेसम्म*

यस बिज्ञ केन्द्रको आ.व.०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार पाँचथर र ताप्लेजुङ्ग जिल्लामा देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनको लागि कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि, २०७६ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी आएको वा म्याद नाघि आएको प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको फोन नं.०२४-५२०१२७ वा मोवाइल नं.९८५२६६०१२७ (पाँचथर) ९८५२६६०१७६ (ताप्लेजुङ) मा सम्पर्क राख्न र सूचना, कार्यविधि तथा प्रस्ताव, निवेदनको नमूना फर्मेट विज्ञ केन्द्रको वेवसाइट http://vhlecpanchthar.p1.gov.np/ बाट डाउनलोड वा सम्बन्धित विज्ञ केन्द्र पाँचथर/सम्पर्क केन्द्र ताप्लेजुङ्गबाट वा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ।

एउटै प्रकृतिका कार्यक्रमको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा अन्य सरकारी निकायहरुबाट अनुदान प्राप्त गरेका व्यवसायी वा संस्थाले ३ बर्षसम्म अनुदान प्राप्त गर्ने छैन।

**प्रस्ताव पेश गर्नको लागि कार्यक्रमहरुको विवरण:**

| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | परिमाण | प्रति इकाई अधिकतम उपलब्ध हुने अनुदान रकम (रु.हजारमा) | कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६ सँग सम्बन्धित बुँदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| ५.१.११.५८ | गोठ तथा खोर निर्माण सुधारमा १ लाखदेखि २ लाखसम्म अनुदान (गाई/बाखा/भैसी/बंगुर) अनुदानको लागि दुधालु गाईभैसी ५देखि १० वटा, माउ बाखा २० भन्दा माथि, वंगुर प्रजननको लागि ५ माउ मासुका लागि १० वटा पालन गर्ने कृषक | संख्या | २० | १५०.० | ४९, ५०, ५१ | प्रथम पटक सूचना प्रकाशन भएको मिति अगावै कानून बमोजिम दर्ता भएका फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरु |
| ५.१.११.६५.७ | साना डेरी प्रबर्द्धन कार्यक्रम अनुदान सहयोग | संख्या | ४ | ५००.० | ५५ | " " |
| ५.१.११.७८.१ | **युवा लक्षित पशु विकास कार्यक्रम** गाई/भैसी/बाखा/कुखुरा/पशुजन्य उद्योग/पशुपन्छी बजार प्रबर्द्धन | संख्या | १७ | २००.० | ८१ | " " |
| ११.६.२.३१ | कृषि/पशु सहकारी संस्थाहरुको सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम | संख्या | २ | २५००.० | ८३ | कृषि/पशु सेवा सम्बन्धि सहकारी संघ/संस्था, कृषक समूह/समिति |

**प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :**

१.नेपाली नागरिकताको प्रतिलिपी
२.तोकिए बमोजिमको आवेदन (संक्षिप्त कार्ययोजना, लागत साझेदारी प्रतिवबद्धता, स्वघोषणा, व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता)
३.सञ्चालित व्यवसाय/कार्यक्रम सञ्चालन स्थलको रङ्गीन फोटोहरु।
४.स्थानीय तह, वडा कार्यालय र गाउँपालिका/नगरपालिका (पशुपन्छी सेवा शाखाको सिफारिस पत्र)
५.शैक्षिक योग्यता, तालिम, एकल महिला भए प्रमाणित गर्ने कागजात, विदेशबाट फर्केको भए पासपोर्ट आदिको प्रतिलिपी
६.व्यवसाय दर्ता, नवीकरण, भ्याट, प्यान प्रमाणपत्र तथा अघिल्लो आ.व.को लेखापरीक्षणको प्रतिलिपी
७.जग्गा भाडामा भए १० बर्षको भाडाको संझौताको प्रमाणपत्र तथा धनिपुर्जाको प्रतिलिपी
८.समूह/समिति/सहकारी/साझेदार फर्मको हकमा कार्यसमिति, सञ्चालक समितिको बैठकको निर्णको प्रतिलिपी र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी
९.लागत साझेदारी गर्ने रकमको श्रोत/बैंक स्टेटमेन्ट/वित्तिय संस्थाको प्रतिबद्धता पत्र।
१०.युवालक्षित पशु विकास कार्यक्रमको लागि आवेदकको उमेर १८ बर्षदेखि ५० बर्ष हुनु पर्नेछ।

**प्रस्ताव बुझाउने स्थान र माध्यम :**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर/सम्पर्क केन्द्र ताप्लेजुङ्ग।

*प्रस्तावको पूर्ण कागजातहरुको स्क्यानकपी (पाँचथर जिल्लाको लागि **vhlspanchthar@gmail.com** र ताप्लेजुङ्ग जिल्लाको लागि **vhlstaplejung.kendra@gmail.com**) इमेल मार्फत (अन्तिम म्याद समाप्त भएको ५ दिनभित्र सक्कल कागजातहरु संलग्न रहेको फायल बुझाउने गरी) दर्ता गर्न सकिनेछ।*

Indra

**डा.इन्द्र नारायण शाह**
**कार्यालय प्रमुख**